# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१) काठमाडौं, वैशाख ६ गते २०४८ साल (संख्या २

## भाग ३

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी त्रि. वि. कृषि र पशु विज्ञान अध्ययन संस्थान अन्तर्गत इण्टरनेशनल फाउण्डेशन फर साइन्स, स्वीडेनको सहयोगमा सञ्चालित Studies of subclinical mastitis in buffaloes with special reference to its prevalence and control at Chitwan valley in Nepal नामक अनुसन्धान परियोजनामा प्रयोग गर्नको निमित्त अमेरिकाबाट झिकाइएको अमेरिकी डलर ५,२६१।२३ मूल्य बराबरको वैज्ञानिक अनुसन्धानका सामानको पैठारीमा लाग्ने भन्सार महशूल र बिक्रीकर छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उप-सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार
## मन्त्रिपरिषद् सचिवालयको सूचना

अर्थ मन्त्रालयका का. मु. सचिव श्री शशिनारायण शाह फर्की हाजिर नभए सम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८. २ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री मोहनराज शर्मालाई मिति २०४७।१२।१८ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव

## श्री ५ को सरकार
## उद्योग मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०४७।११।३० को निर्णयानुसार नेपाल इन्जिनियरिङ सेवा, मेट्रोलजी समूह, राजपत्राङ्कित तृतीय श्रेणी, पद संकेत उ।ने।गु।०७।२२ गुणस्तर तथा नापतौल कार्यालय, पर्साका निरीक्षक श्री पदमनारायण चौधरीले घरायसी कारण दर्शाई सो पदबाट दिनुभएको राजीनामा मिति २०४७।६।१ देखि लागू हुने गरी स्वीकृत गरेको छ ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
900